# एकीकृत कार्यक्रमको अनुगमन प्रतिवेदन

## गल्याङ्‌ नगरपालिका अन्तरगर्तका स्वास्थ्य संस्थाहरुमा स्थलगत अनुगमन गरेर तयार गरिएको

**भ्रमण प्रतिवेदन**

२०८१।८।१०-१२

**प्रतिवेदन पेश गरिएको निकाय**

प्रदेश जनस्वास्थ्य कार्यालय

पुतलीबजार, स्याङ्‌जा

## अनुगमन गरिएका स्वास्थ्य संस्थाः

- ➢ गल्यांङ् नगर अस्पताल
- ➢ पेलाकोट स्वास्थ्य चौकी
- ➢ जिमुवा आधारभूत स्वास्थ्य केन्द्र
- ➢ तुल्सिभन्ज्याङ स्वास्थ्य चौकी
- ➢ मालुङ्गा प्राथमिक स्वास्थ्य केन्द्र
- ➢ जगत्रदेवी स्वास्थ्य चौकी

**अनुगमन गरिएको मिति**: २०८२/०४/१० देखि २०८२/०४/१३

## अनुगमनको उद्देश्यहरु :

- e-HMIS, DHIS२, eTB, eLMIS, मा data error सच्याउने तथा स्थलगत अनुशिक्षण गर्ने
- प्रदान गरेका सेवाहरुमा आईपरेका समस्याको पहिचान गरी समाधानको उपायको सहजीकरण गर्ने ।
- अनुमनको अवस्था बारेमा स्थानीय तहका प्रमुख,उप-प्रमुख,प्र.प्र.अ. र स्वास्थ्य शाखा प्रमुख समक्ष समन्वय तथा छलफल गरि उक्त बारे जानकारी गराउने ।

**सस्थागत परिचय:**

**गल्यांङ् नगर अस्पताल**

गल्यांङ् नगर अस्पताल, गल्याङ नगरपालिका-३, बल्पुकमा अवस्थित प्रमुख स्वास्थ्य सेवा केन्द्रहरू मध्ये एक हो। सन् २०१० मा सानो भाडाको घरमा स्थानीय जनताको पहलमा सुरु गरिएको "गल्याङ सामुदायिक अस्पताल" लाई पछि भारतको सहयोगमा गल्याङ नगरपालिकामा समावेश गरेपछि "गल्याङ नगर अस्पताल" नाममा परिणत गरिएको हो।

सेवा/ सुविधाहरु:

- हाल यो अस्पतालमा १५ शैयाको क्षमता रहेको छ र दैनिक १०० भन्दा बढी बिरामीको उपचार भइरहेको छ ।
- आधारभूत स्वास्थ्य सेवा जस्तै खोप, शिशु तथा मातृ, क्षयरोग उपचार आदि सेवा ।

- मात्रे २४-घण्टा आकस्मिक सेवा, पेट, छाती, मुटु, स्त्री रोग, बाल रोग, छाला, नशा रोग, हाडजोर्नी, आँखाको उपचार, डेन्टल सेवा, ल्याब सुविधा, एक्सरे, भिडियो-एक्सरे, अक्सिजन, फार्मेसी, बीमा सेवा, एम्बुलेन्स र रिफर सुविधा उपलब्ध छन् ।

➢ **स्वास्थ्य जनशक्ति** दरवन्दी तथा अन्तरिक नियुक्ति बाट ३० जना भन्दा धैरै रहेको ।

➢ स्वास्थ्य जन्य फोहोर व्यवस्थापनमा समस्या रहेको, खुल्ला क्षेत्रमा जलाउने हुदा वरिपरी प्रदुषित हुने ।

**जिमुवा आधारभूत स्वास्थ्य केन्द्र**

जिमुवा आधारभूत स्वास्थ्य केन्द्र गल्यांग नगरपालिकामा वडा न. ११ रहेको स्वास्थ्य संस्था हो । यस संस्थामा भौतिक पूर्वाधारमा कुनै समस्या नरहेको पाइएको थियो ।

**स्वास्थ्य जनशक्तिको अवस्था**

| **जनशक्ति** | **पदपूर्ति** | **रिक्त** | **कैफियत** |
|---|---|---|---|
| AHW | १ | ० | |
| ANM | १ | ० | |
| का. स | १ | ० | |

**अनुगमनका पक्षहरु:**

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा बिधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP)
- व्यवस्थापन समितिको बैठक नियम अनुसार नियमित भएको ।
- खोप को प्राप्त र खर्चमा अभिलेखीकरण नमिलेको ।
- क्षयरोग कार्यक्रमको eTBमा aggregated data entry नभएको र eTB अनुसार DHIS2 मा ३ जना बिरामी कम भएको ।
- ANC ४ पटकको भेट भन्दा ८ पटक धैरै भिन्न रहेको ।
- PNC तेस्रो भन्दा चौथो न्युन रहेको ।
- व्रिध्दी अनुगमन औसतमा ११ मात्रै रहेको (२४ पटक हुनुपर्ने) ।

**पेलाकोट स्वास्थ्य चौकी**

पेलाकोट स्वास्थ्य चौकी गल्यांग नगरपालिकामा वडा न. ७ रहेको स्वास्थ्य संस्था हो । यस संस्थामा साविकको पुरानो भवनमा स्वास्थ्य संस्था र वडा कार्यालय समेत रहेको र निर्माणाधीन स्वास्थ्य संस्था सम्पन्न नभएको हुदा गुणस्तर मापनमा (३८%) कमि रहेको छ ।

**स्वास्थ्य जनशक्तिको अवस्था**

| जनशक्ति | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|
| HA | १ | ० | |
| AHW | २ | ० | |
| ANM | २ | ० | |
| का. स | १ | ० | |

**अनुगमनका पक्षहरु:**

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा समयमै बिधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP) ।
- दैनिक स्वास्थ्य सेवाग्राही १०-15 जना ।
- खोप Drop out rate (Penta vs. MR2) ७.२% रहेको ।
- व्रिध्दी अनुगमन औसतमा ७ मात्रै रहेको (२४ पटक हुनुपर्ने) ।
- ANC चौथो, आठौ, PNC तेस्रो र चौथो को दर व्रिध्दी गर्नको लागि PRTP सुध्रिणीकरण गर्ने हरेक महिना र Tracking गरेको सुनिष्चित गर्ने, जस्तै परिक्षण गर्ने समयभन्दा २ दिन अगाडी फोन बाट सुनिष्चित गर्ने, आमा समुहको बैठकबाट जनचेतना अभिब्रिध्दी गर्ने र Home visit तालिका अनुसार नै परिक्षण गर्ने ।
- eTB र dhis 2 मा क्षयरोग कार्यक्रमका data reporting मा एकरुपता नभएको हुदा eTB registration र follow up को अभिलेख नियमित रुपमा राख्ने र मासिक रुपमा eTB website मा aggregrated data entry गर्ने । र हरेक महिनाको ३ गते भित्र eTB मात्र dhis २ मा data upload गर्ने ।

- खोप सेवाको खर्चको अभिलेख राख्दा हरेक खोप केन्द्रको eHMIS को खर्च हुने स्थानमा प्राप्त र खर्च विवरण dose मा राख्ने र खोलिएका खोपहरु को हिसाब vial अनुसार भाग हुनेगरी मिलाउने र खर्च हुने दरमा समावेश गर्ने ।

**<u>तुल्सिभन्ज्याङ् स्वास्थ्य चौकी</u>**

**तुल्सिभन्ज्याङ्** स्वास्थ्य चौकी गल्यांग नगरपालिकामा वडा न. ११ रहेको स्वास्थ्य संस्था हो । उक्त संस्थामा आधारभूत स्वास्थ्य सेवा प्रधान गर्दै आइरहेको छ ।

**<u>स्वास्थ्य जनशक्तिको अवस्था</u>**

अनमी, अहेब र कार्यालय सहयोगी गरेर ३ वजन कर्मचारी रहेको र अन्य जनशक्ति कांज मा कार्यरत भएको हुदा कुनै पनि पद रिक्त नभएको ।

**अनुगमनका क्रममा देखिएका सबल पक्षहरु :**

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा बिधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP)
- उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिएको
- व्यस्थापन समितिको बैठक नियम अनुरुप नियमित भएको
- खोप लगायत अन्य कार्यक्रमको eHMIS र DHIS-2 मा data सहि र समान भएको
- PNC 3rd visit र 4th visit मा भिन्न नरहेको
- व्यस्थापन समितिको बैठक नियम अनुरुप नियमित भएको
- खोप लगायत अन्य कार्यक्रमको eHMIS र DHIS-2 मा data सहि र समान भएको
- बहिरंग कोठा, गर्भबती परिक्षण कक्ष, औषधि वितरण कक्ष, ड्रसिङ्ग कोठा, धारा चर्पी तथा पानिको उपलब्धता राम्रो व्यवस्थापन भएको,
- आवश्यक औषधीहरु पर्याप्त मात्र देखिएको साथै स्टोरको व्यवस्थापन राम्रो देखिएको
- किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा प्रदान नभएको
- पहिले Delivery सेवा प्रदान गरिएको हाल सेवा नभएको

**<u>मालुङ्गा प्राथमिक स्वास्थ्य केन्द्र</u>**

मलूँगा प्राथमिक स्वास्थ्य केन्द्र गल्याङ नगरपालिका-१, स्याङ्जा जिल्लामा अवस्थित छ।

**सेवा तथा सुविधाहरु:**

- आउटडोर सेवा (OPD) – दैनिक बिरामी जाँच तथा सामान्य रोगको उपचार।
- गर्भवती महिलाको जाँच (ANC) – नियमित गर्भ परीक्षण र परामर्श।
- सुरक्षित सुत्केरी सेवा – संस्थागत डेलिभरी सेवा।
- सुत्केरीपछिको सेवा (PNC) – सुत्केरी महिलाको स्वास्थ्य निगरानी।
- शिशु खोप कार्यक्रम (EPI) – नवजात र बालबालिकालाई नियमित खोप।
- पारिवारिक योजना सेवा – अस्थायी र स्थायी गर्भनिरोधक साधनहरूको उपलब्धता।
- प्रयोगशाला सेवा – सामान्य रक्त र मूत्र परीक्षण।
- फार्मेसी सेवा – निःशुल्क औषधि वितरण।
- सर्पदंश तथा सामान्य आकस्मिक सेवा – प्राथमिक उपचारको सुविधा।

**अनुगमनका पक्षहरु:**

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा बिधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP)
- उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिएको
- व्यस्थापन समितिको बैठक नियम अनुरुप नियमित भएको
- मलेरिया testing ACD र PCD दुवै भएको
- PNC 3rd र 4th visit मा भिन्नता
- X-Ray सुविधा नभएको

**जगत्रदेवी स्वास्थ्य चौकी**

जगत्रदेवी स्वास्थ्य चौकी गल्याङ नगरपालिकाको वडा नं. २ मा अवस्थित एक स्थानीय स्वास्थ्य संस्था हो। यस स्वास्थ्य चौकीले ग्रामीण क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै स्थानीय समुदायको स्वास्थ्य स्तर सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ।

**अनुगमनका पक्षहरु:**

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा बिधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP)

- भौतिक संरचना नया बनेको र उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिएको
- eHMIS/Dhis-2 मा data मा एकरुपता
- व्यस्थापन समितिको बैठक नियम अनुरुप नियमित भएको
- मलेरिया testing कमि भएको
- स्वास्थ्य शिक्षा कार्यक्रम नियमित संचालन भएको

**सुझावहरु:**

**स्वास्थ्य संस्थाले गर्नुपर्ने कार्यहरु:**

- पेलाकोट स्वास्थ्य चौकीले नियमित व्यस्थापन समितिको बैठक गर्ने र भवन, श्रोत सम्वन्धि समस्या समाधान गर्नुपर्ने
- धेरै संस्थाको को MSS Score ५० देखि ५५ प्रतिशत मात्रै भएको हुदा कार्य सम्पादन, कार्ययोजना बनाइ सम्पादन गर्नुपर्ने, जसको लागि वडा, व्यस्थापन समिति पालिका र सम्वन्धित निकायमा नियमित सहकार्य गर्ने
- जिमुवा आधारभूत स्वास्थ्य चौकी, गल्यांग नगर अस्पताल, खोप खर्च आम्दानिको अभिलेख सच्याउनुपर्ने र DHIS-2 र eHMIS मा एकरुपता हुनुपर्ने
- तुल्सिभन्ज्यांग स्वास्थ्य चौकीको eTB रजिस्टरको Aggregated data entry eTB बाट DHIS-2 मा upload गर्ने
- धेरै जस्तो स्वास्थ्य संस्थाहरुको ANC 4th र 8th visit तथा PNC 3rd visit र 4th visit मा भिन्नता आएको हुदा regular follow- up गर्ने

**नगरपालिकाले गर्नुपर्ने कार्यहरु:**


- स्वास्थ्य संस्थाहरूको सेवा गुणस्तर सुधार, अभिलेख व्यवस्थापन, स्रोत अभाव समाधान तथा नियमित कार्यसम्पादनको सुनिश्चितताका लागि पालिकाले व्यवस्थापन समिति, वडा, सम्बन्धित निकायहरूसँग सहकार्य गरी कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने ।
- MSS स्कोर सुधार, ANC/PNC सेवामा नियमितता, DHIS-2 र eHMIS मा अभिलेख एकरूपता, भवन तथा स्रोतको अभाव समाधान, eTB डेटा प्रविष्टि तथा अभिलेख

अद्‌यावधिकको लागि तालिम, अनुगमन, बजेट व्यवस्थापन, जनशक्ति परिचालन तथा प्रविधिको प्रयोगमार्फत पालिकाले सक्रिय भूमिका निर्वाह गर्ने ।

**प्रदेश जनस्वास्थ्य कार्यालयले गर्नुपर्ने कार्यहरु:**

नियमित सहकार्य र समन्वय, आवश्यक तालिम, नियमित अनुगमन र संस्थागत अनुशिक्षण गर्ने र पालिका र प्रदेशसंग समन्वय गरेर संस्थाको भौतिक पूर्वाधार सुधिनिकरण गर्ने ।

फोटोहरु











नाम दर्ता
औषधी वितरण







प्रतिवेदक :

- विष्णु प्रसाद सुबेदी TB/ Leprosy सुपरिवेक्षक प्र.जन.स्वा.का.स्याङ्जा
- पृथ्वी लामिछाने Lab Technician
  प्र.जन.स्वा.का.स्याङ्जा
- तोया नारायण ढकाल प्रसाशन अधिकृत
  प्र.जन.स्वा.का.स्याङ्जा
- सुष्मा आचार्य प. हे.न
  प्र.जन.स्वा.का.स्याङ्जा
- अस्मिता भण्डारी ज.स्वा.अ.
  प्र.जन.स्वा.का.स्याङ्जा

आज मिति २०८२ साल श्रावण ११ गते गल्याङ न.पा. वडा नं ११ जिमुद्दा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जा बाट अनुगमन गर्ने क्रममा यस केन्द्रका अ.हे.व. केशरी थापाको संयोजनमा निम्नानुसारको उपस्थितिमा तपशिल बमोजिम अनुगमन एवं छलफल गरियो ।

तपशिल

अ.हे.व श्री केशरी थापा
जन स्वा कु नि अ श्री विष्णु प्रसाद चुवेदी
अधिकृत छैं श्री तोय नारायण ढकाल
प हे न. श्री शुभा आचार्य
Suchana अ न मी श्री सुचना ढोल

निर्णय नं १

प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाबाट यस जि आ.स्वा.सेवा केन्द्रमा अनुगमन गर्दा निम्नानुसार भएको पाइयो ।

- दैनिक OPD सञ्चालन नियमित रुपमा भएको र दैनिक बिरामी दर १०-१८ को अनुपातमा रहेको
- MSS को स्कोर ५8% रहेको
- eTB, eHMIS र DHIS2 नियमित अपडेट भएको
- स्वास्थ्य संस्था व्यवस्थापन समितिको बैठक २०८२।३ मा बसेको पाइयो ।

निर्णय नं २

- eTB मा वार्षिक बिरामी संख्या २ जना रहेको र DHIS2 मा २ जना मात्र देखिएकोले छुट भइरहेका ३ जना बिरामीहरुको अभिलेख र प्रतिवेदन DHIS2 मा समावेश गर्नु पर्ने ।

आज मिति २०८२ साल श्रावण १२ गतेका दिन यस गल्याङ न.पा. तुलसी भन्ज्याङ स्वास्थ्य चौकीको कार्यालय भवनमा प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाबाट अनुगमन गर्ने सिलसिलामा गल्याङ न.पा. स्वास्थ्य शाखाका प्रमुख श्री विष्णु प्रसाद वली ज्यूको संयोजकत्वमा तपशिल बमोजिम को उपस्थितिमा निम्नानुसार भयो ।

तपशिल

गल्याङ न.पा. स्वा. शा.प्र. श्री विष्णु प्रसाद वली
स्वा. चौकि प्रमुख श्री उर्मिला राना (अ.हे.व.)
प्र.प. कृ. नि. अ. श्री विष्णु प्रसाद (जु.व.प.)
अधिकृत छैठौं श्री तोय नारायण ढकाल
ज. स्व. अ. श्री आसीता गण्डाले
प. हे. न. श्री सुजा आचार्य
अ. न. मी. श्री अनु राना (तु.भ. स्वा. चौकी)

निर्णय नं. १ (सबल पक्षहरु)

- HMIS, DHIS 2, eTB निरन्तर नियमित रूपमा सञ्चालन भैरहेको ।
- पोषण कार्यक्रमको अनुगमन दर वृद्धि भएको ।
- खोप कार्यक्रमको भ्याक्सिन डोज को आम्दानी खर्च अभिलेख राम्रो रहेको ।
- व्यवस्थापन समितिको बैठक नियमित रूपमा भएको ।

निर्णय नं. २

सुधार गर्नुपर्ने पक्ष

- क्षयरोगको निदान, परिवार नियोजनको नियमित प्रयोग कर्ता दर बढाउनु पर्ने
- ~~[illegible]~~ प्रिजम्टीभ क्षयरोग निदान, मलेरियाको परीक्षण दर बढाउनु पर्ने ।
- किशोर किशोरी मैत्री केन्द्र, बर्थिङ सेन्टर,

- आमा सुरक्षा कार्यक्रमको 4th ANC भिजिट र आठ पटक को ANC भिजिटमा ~~15~~ 4th 15 र 8th 7 भएको हुँदा आठ पटकको भिजिटलाई बढाउनु पर्ने ।
- औषत ग्रोथ मनिटरिङ दर ११·प्रतिशतको
- शिघ्र कुपोषण एकिकृत व्यवस्थापन (IMAM) कार्यक्रमको अभिलेख दुरुस्त रहेको
- औषत तौल दर बढाउन विगत २४ महिना देखिका सबै बालबालिकाहरूको eHMIS अपडेट गर्नु पर्ने ।